# इटहरी उप-महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

इटहरी, सुनसरी
प्रदेश नं. १, नेपाल

०२५ ५८४५५९
०२५ ५८००४६


## इटहरी उप-महानगरपालिकाको आन्तरिक आय संकलन ठेक्का आव्हानको सूचना

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२(क) र यस इटहरी उप-महानगरपालिकाको आर्थिक ऐन २०७८ को दफा २० बमोजिम इटहरी उप-महानगरपालिका, सुनसरीको क्षेत्राधिकार भित्र पर्ने वन क्षेत्र बाहेक भएर बग्ने बुढी खोलाबाट स्वीकृत घाट र नाकाहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन तथा संकलन गरी इटहरी उप-महानगरपालिकाबाट स्विकृत दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने तथा कवाडी कर संकलन ठेक्का बन्दोवस्त गर्नुपर्न भएकोले ईच्छुक फर्म वा कम्पनीहरुले फर्म नवीकरण भएको प्रमाण-पत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण-पत्र, आ.व.२०७७।०७८ को करचुक्ता प्रमाण-पत्रको प्रतिलिपि संलग्न गरी तपशिल बमोजिमका शर्तहरुको अधीनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

### नदीजन्य पदार्थको बिक्रीका लागि बोलपत्र आह्वानको १५ (पन्ध्र दिने) सुचना

दोश्रो पटक प्रकाशित मितिः २०७८।११।२७ गते

**तपसिल**

| सि. नं. | सूचना नं./बोलपत्र नं. | बोलपत्रको नाम | उत्खनन् परिमाण (घ.मि.) | न्यूनतम बोलपत्र रकम (सेवा शुल्क र मु.अ. कर बाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|---|
| १ | ITR/NCB/23G/ 2078/079 | बुढी खोलाबाट नदीजन्य पदार्थको विक्री कर संकलन | १४७५०.३ (खोलाहरुको नाका संख्या ३ (तीन) | २५,००,०००।- | कबोल अंकको ५ % (प्रतिशत) | रु.३,०००।- |
| | बोलपत्र फारम खरीद गर्ने अन्तिम मिति २०७८/१२/११ गते सम्म | बोलपत्र फारम बुझाउने अन्तिम मिति र समय २०७८/१२/१२ गते दिउँसो १२ बजे सम्म | बोलपत्र फारम खोलिने मिति र समय २०७८/१२/१२ गते दिउँसो २ बजे | | | |

### कवाडी कर संकलन ठेक्काका लागि बोलपत्र आह्वानको १५(पन्ध्र दिने) सुचना

तेश्रो पटक प्रकाशित मितिः २०७८।११।२७ गते

| सि. नं. | सूचना नं./बोलपत्र नं. | बोलपत्रको नाम | ठेक्का अवधि | न्यूनतम बार्षिक ठेक्का अंक रु. मु.अ. कर बाहेक | बोलपत्र फारम दस्तुर | बोलपत्र फारम खरीद गर्ने अन्तिम मिति | बोलपत्र फारम बुझाउने अन्तिम मिति र समय | बोलपत्र फारम खोलिने मिति र समय | धरौटी रकम |
|---|---|---|---|---|---|---|---|---|---|

राम चरित्र मेहता
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ITR/NCB/02/2078/079 | कवाडी कर संकलन ठेक्का इटहरी उपमहानगरपालिका क्षेत्र | २०७९ असार मसान्त सम्म | २५,००,०००।- | रु ३,०००।- | २०७८/१२/११ गते सम्म | २०७८/१२/१२ गते दिउँसो १२ बजे सम्म | २०७८/१२/१२ गते दिउँसो २ बजे | कबोल अंकको ५ % (प्रतिशत) |

इटहरी उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय इटहरी, सुनसरी

शर्तहरु:

- फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिबृद्धि करदर्ता प्रमाण–पत्र, आ.व.२०७७।०७८ को करचुक्ता प्रमाण–पत्रको प्रमाणित प्रतिलिपि बोलपत्र फाराम दस्तुर बापत यस कार्यालयमा नगदै तिरेको वा यस कार्यालयको नाममा नेपाल बैंक लिमिटेड इटहरीको राजश्व खाता नं ०५९०३०००००१००१००००००१ मा नगद जम्मा गरेको नगद भौचर पेश गरी यो सूचना प्रकाशन भएको मितिले १५ औं दिनको कार्यालय समयभित्र कार्यालयबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ। बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np/egp बाट बोलपत्र सम्बन्धी कागजातहरु डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ । तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको राजश्व शाखा वा यस कार्यालयको बैंक खातामा माथि उल्लेखित खाता नं. मा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नु पर्नेछ । बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ ।
- बोलपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट रुपले उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । आफूले कबोल गरेको अंकको ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको नेपाल बैंक लिमिटेड इटहरीको धरौटी खाता नं. ०५९०३००००३०००००००१ मा जम्मा गरी सो को सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त 'क' वर्गको बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी १२० (एक सय बिस) दिनको म्याद सहित जारी गरिएको बिड बण्ड पेश गर्नु पर्नेछ ।
- खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी फर्मको नाम, ठेगाना, कामको विवरण, बोलपत्र विवरण प्रोपराइटरको नाम, ठेगाना, फोन नं., मोबाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई यो सूचना प्रकाशित भएको मितिले १६ औं दिनको दिउँसो १२.०० बजे भित्र विद्युतीय प्रति दर्ता गर्नुपर्नेछ ।
- एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन । रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको २.०० बजे देखि विभिन्न सम्बन्धित कार्यालयहरुका प्रतिनिधि, निमार्ण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । साथै बोलपत्रदाताले वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन बिदा परेमा सो कार्य बिदाको लगत्तै अर्को कार्यालय खुलेको दिनमा गरिनेछ ।
- ठेक्का नं ITR/NCB/23G/2078/079 को नदीजन्य पदार्थको उत्खनन्, संकलन र बिक्रि गर्दा देहायको स्थानबाट निम्न बमोजिमको परीमाणमा मात्र गर्नुपर्नेछ। वन क्षेत्रबाट बालुवा, ढुङ्गा, गिट्टी, रोडा र ग्राभेल उत्खनन गरी बिक्री गर्न पाईने छैन ।

| क्र.सं. | नदीजन्य पदार्थ उत्खनन् गर्ने स्थान | उत्खनन् योग्य परिणाम (आयातन घन मिटर) |
|---|---|---|
| १ | त्रिवेणी – सुनौलो टोल नाका | ६२७१.२ |
| २ | बरगाछी- अठाइटोल नाका | १४३८.८९ |
| ३ | दोभान- भट्टा नाका | ७०४०.२१ |
| जम्मा | | १४७५०.३ |

- दुबै ठेक्काको प्रि–बिड बैठक यो सूचना प्रकाशित भएको मितिले ९ औं दिन दिनको २.०० बजे इटहरी उप–महानगरपालिका नगर कार्यपालिकाको कार्यालयमा हुनेछ।ईच्छुक बोलपत्रदाताहरुले उक्त बैठकमा भाग लिई यस सम्बन्धमा विस्तृत जानकारी हाँसिल गर्न सक्नु हुनेछ । उक्त दिन बिदा परेमा उक्त बैठक सो को भोलिपल्ट कार्यालय खुल्ने दिन सोही समयमा हुनेछ ।
- बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्याद नाघी, रीत नपुगी वा शर्त सहित पेश हुन आएको बोलपत्र स्वीकार

राम चरित्र मेहता
प्रमुख प्रशासकीय अधिकृत

गर्न यस कार्यालय बाध्य हुने छैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

- दुबै ठेक्काको दररेट आर्थिक ऐन २०७८ को अनुसुचिहरुमा उल्लेख भए बमोजिम हुनेछ र ठे.नं. **ITR/NCB/02/2078/079** को हकमा नेपाल सरकारले जारी गरेको निषेधाज्ञाको बखतमा ठेक्का सञ्चालन नभएमा सो समय हिसाब गरी ठेक्का रकम दामासाहीले घटाइनेछ ।
- बोलपत्र स्वीकृत भएमा सो को सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले ७ दिन भित्र मू.अ.कर दर्ता प्रमाण–पत्र समेत लिई कबोल अंकको एकमुष्ठ रकम बुझाउनु पर्नेछ । इटहरी उप–महानगरपालिकाको आर्थिक ऐन २०७८ को दफा २०(५) बमोजिम ठेक्का सम्झौता गर्दा कबोल गरेको रकम एकमुष्ट बुझाई सम्झौता गर्न आएमा १० प्रतिशत छुट दिइने छ । साथै सम्झौताका बखत सम्वन्धित ठेकेदारले नेपाल सरकारले तोके अनुसार मु.अ. करको १३ प्रतिशत बराबरको रकम आन्तरिक राजश्व कार्यालयमा बुझाई सो को प्रमाण यस कार्यालयमा पेश गर्नुपर्नेछ ।
- तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोबस्त गरिनेछ। यस उप–महानगरपालिकाका खोला तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणको सन्दर्भमा स्थानीय सरकार संचालन ऐन, २०७४ सम्बन्धित स्थानीय तहबाट जारी भएका कानून, प्रदेश कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ । साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ ।
- यस कार्यालयले निर्धारण गरेको दररेट भन्दा बढी असुल गरेमा नियमानुसार कारवाही भई ठेक्का रद्ध समेत गर्न सकिनेछ ।
- ठेकेदारले ठेक्का भोगचलन गर्दा यस कार्यालयको निर्देशन र सम्झौतामा उल्लेखित शर्त बमोजिम काम गर्नु पर्नेछ ।
- बालुवा, ढुङ्गा, गिट्टी र ग्राभेलको बिक्रीकर तथा प्राकृतिक धार किनारा, घाट, कुलो कुलेशा,पुल पुलेसा, लोकमार्ग तथा सार्वजनिक स्थललाई क्षति नपुग्ने गरी प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदनको परिधि भित्र रही मात्र बालुवा, ढुङ्गा, गिट्टी र ग्राभेलको उठाउन पाउने छ ।
- खोला ठेक्काको ठेक्का अवधिका सम्वन्धमा उत्खनन, सङ्कलन तथा विक्री ठेक्का सम्झौता भएको मिति देखि २०७९ जेष्ठ मसान्त सम्मको हुनेछ । सो मिति अगावै सम्झौता भएको परिमाण पुरा भएमा सङ्कलन तथा बिक्रि कार्य बन्द गरिने छ ।
- ठेक्का अवधि भर ठेकेदारले ठेक्का तोड्न पाउने छैन । विचैमा ठेकेदारले ठेक्का तोडेमा निजबाट असुल हुन बाँकी रकम सरकारी बाँकी सरह असुल उपर गरिने छ ।
- यस सूचनामा उल्लेख भएका शर्त यसै बमोजिम र नभएका कुराहरुको हकमा प्रचलित ऐन कानून बमोजिम हुनेछ। (बिस्त्रित जानकारीको लागि यस कार्यालयको Website: www.itaharimun.gov.np मा समेत हेर्न सकिनेछ।)

इटहरी उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, इटहरी, सुनसरी

प्रमुख प्रशासकीय अधिकृत

राम चरित्र मेहता
प्रमुख प्रशासकीय अधिकृत